जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ३९ अंक १७ २०७७ साल मंसिर ७ गते आइतवार (22 Nov 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिबाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : संसदीय दलको नेता राजेन्द्र ... पृष्ठ ३ मा : जनताको जीवन ... पृष्ठ ५ मा : दुई स्थानमा आगलागि ... पृष्ठ ५ मा : रकम र उपचारको अभावमा ...

# उदाउँदो सूर्यलाई अर्घ्य दिई छठ पर्व सम्पन्न



**राजविराज**/आस्थाको महापर्व छठ अन्तर्गत शनिबार बिहान व्रतालुले उदाउँदो सूर्यलाई अर्घ्य दिई पर्वको समापन गरेका छन् ।

मूल विधि चतुर्थीदेखि शुरू भई षष्ठीका दिन बेलुकी अस्ताउन लागेको र सप्तमीका दिन उदाउँदो सूर्यलाई अर्घ्य दिई पूजाअर्चना गरी यो पर्वको समापन गर्ने परम्परा रहेको छ ।

ब्रतालुहरुले विभिन्न जलाशयहरुमा दुवै हत्केलामा पिठार र सिन्दूर लगाई अक्षता, फूल लिई आफ्नो खेतबारीमा उपादन भएका सामग्री र घरमा बनाइएको विशेष प्रकारको पकवान सूर्यलाई अर्घ्य अर्पण गरेका थिए ।

अर्घमा ठकुवा, कसार, केरा, उखु, मेवा मिष्ठान, गैंडागुडी र विभिन्न वनस्पति, भुसवा, माटोको हात्ती, सूप, कनसुपती, कलशसहितको घैंटो सूर्यलाई अर्पण गर्ने चलन रहेको छ ।

छठ पर्वको मूल सन्देश भनेकै समन्वय, समावेशी र सादगीपन हो । छठ पर्व महिलाको अगुवाइमा समाज र परिवारको हितका लागि

***बाँकी चार पृष्ठमा***

# चन्द्र नहरको अवस्थाप्रति मन्त्री साहद्वारा चिन्ता व्यक्त

**राजविराज**/प्रदेश २ का भुमी, व्यबस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले मुलुककै बसैधन्दा पुरानो चन्द्रनहरलाई मर्मत सम्भारका साथै व्यवस्थित गरी सिचाईको उचित ब्यबस्थापन मिलाउनु पर्ने बताएका छन् ।

मन्त्री साहले सप्तरी २ (क) प्रदेश सभा निर्वाचन सभा क्षेत्र को स्थलगत अनुगमन गर्ने क्रममा चन्द्र नहरको उचित ब्यबस्थापन बारे ब्यबस्थापन समिति सँग मंगलबार छलफल गर्दै सो कुरा बताएका हुन् ।



उनले चन्द्र नगर अन्तर्गतका नहरहरूको मर्मत सम्भार गर्न प्रदेश सरकार र स्थानिय सरकारले सहयोग गर्न तयार रहेको समेत बताए ।

चन्द्र नहरको मर्मत सम्भार हुन नसक्दाँ यस क्षेत्रका डिमन, पकरी, बथनाहा, कजोली लगायतका गाउहरूमा सिचाईको अभावमा बर्षेनी सयौ बिगाहा जग्गा बाझो हुने गरेकोमा उनले चिन्ता समेत व्यक्त गरे ।

यता चन्द्र नगर सिचाई ब्यबस्थापन समिति अध्यक्ष बद्रि महात्मानले नहरको स्परहरूको मर्मत सम्भार गर्न जाईका कम्पनीलाई जिम्मा दिएको र केही दिन मै मर्मत भई नगर पुर्ण रूपमा संचालनमा आउने जानकारी दिए ।

यस्तै मन्त्री साहले महदेबा गाउँपालिका २ मा एकवरपुरका स्थानियहरूसँग छलफल गर्दै कमला मन्दिर बाउण्ड्री बाल, पोखरीमाघाट निर्माण र बिद्युतिकरण गरिने प्रतिबद्धता जनाए । त्यस्तै कजोलीमा खानेपानी टंकी निर्माण सम्वन्धमा

***बाँकी चार पृष्ठमा***

*सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९*

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३०५११४४१७

चलानी नं. :- ८५
पत्र सख्या :- 077/078

मिति २०७७।०८।०७

सम्पूर्ण शेयरधनि महानुभावहरु,

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज १ गते जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि पत्र पठाई सकिएको छ कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधारमानी यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**प्रस्ताबहरु**

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्वन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिविध सम्बन्धमा ।

**कार्यक्रम**

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अबधिमा प्रत्येक दिन बिहान ८ बजे देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्यहरुको उपस्थितिमा सुझाब संकलन तथा प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताब उपर छलफल गरि साधारण सभालाई अन्तिम रुप दिने ।

**समय : बिहान ११ बजे देखि**
**स्थान : संस्थाको प्रांगण**

बिश्वनाथ मण्डल
अध्यक्ष




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय

### कामलाई प्राथमिकता दिऔं

नेपालमा २० वर्ष पछि भएको स्थानीय तहको निर्वाचनबाट छानिएका र आसन्न प्रतिनिधि सभा र प्रतिनिधि सभाको ऐतिहासिक निर्वाचनबाट छानिएका जनप्रतिनिधिहरुको संवेदनशील पदहरु मध्येको एक हो । हाम्रो नेपालमा सार्वजनिक पदहरुको मोह अत्यन्तै ठुलो छ । पद प्राप्तिपछि त्यसको माध्यमबाट समाजमा प्राप्त हुने सामाजिक प्रतिष्ठा, कतिपय अवस्थामा प्राप्त हुने आर्थिक लाभ र सामाजिक प्रभुत्वका कारणले नै यस्तो पदप्रति स्वाभाविक आकर्षण रहने वास्तविकता भन्दा टाढा छैन । तर कुनैपनि पदसंग जिम्मेवारीको संवेदनशील पाटो पनि जोडिएको हुन्छ ।

जिम्मेवारीको त्यो संवेदनशील पाटोलाई हाम्रो समाजको अभ्यासले पुरै गौण बनाइदिएको प्रतीत हुन्छ । उदाहरणको रुपमा स्थानीय निर्वाचनपछि देखिएको एउटा आम दृश्यको चर्चा सान्दर्भिक होला । स्थानीय तहमा जितेका जनप्रतिनिधि मध्ये अधिकांश विजेतालाई धेरै दिनसम्म अभिनन्दन र सम्मान कार्यक्रममा व्यस्त गराईयो, गराईदैछ । राम्रो र चित्त बुझ्दो काम हुन नसकेमा प्राप्त अभिनन्दनको केही अर्थ हुँदैन ।

निर्वाचनबाट छानिएका जनप्रतिनिधिहरुले आफुलाई अभिनन्दन र सम्मान कार्यक्रमबाट टाढा राखेर आफ्ना ठाउँको लघु र गुरुयोजना तयार गरी सोही अनुसार विकासिय कार्यक्रमहरुलाई तीब्र गतिमा कार्यान्वयनमा लैजानुको विकल्प छैन । पद प्राप्त गर्नुलाई नै अन्तिम सफलताको रुपमा ठान्नु दिवास्वपन हुनेछ । जनप्रतिनिधिहरुले सम्मान आर्जन गर्ने भएको त वास्तविकतामा कार्यकुशलता देखाएर पो हो । तसर्थ, तामझामबाट टाढा रहँदै आफ्नो कार्यकुशलताको आधारमा भौतिक र मानवीय विकास तर्फ जनप्रतिनिधिहरुले पाइला चाल्न र सम्मानभन्दा कामलाई प्रथमिक्ता दिन जरुरी छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# संसदीय दलको नेता राजेन्द्र महतोलाई दिनैपर्छ



**सन्तोष मेहता**

जनता समाजवादी पार्टी नेपालको केन्द्रीय समिति निकै ठूलो भयो । तर, केही दिन पहिला मात्रै दुई पार्टीबीच एकीकरण भएको हुनाले र संक्रमणकालीन अवस्थामा पार्टीका लागि यो वाध्यता छ । महाधिवेशनबाट यसको टुंगो लाग्छ । महाधिवेशनपश्चात् जसपाको ठूलो केन्द्रीय समिति रहँदैन ।

केन्द्रीय समिति भएपछि विधानबमोजिम बखत-बखतमा बैठक गर्नैपर्छ । यसभन्दा पहिला पनि राजपाको झण्डै साढे आठ सय सदस्यीय केन्द्रीय समिति थियो, त्यसको तीन/चार पटक बैठक भएकै हो । धेरै दिनसम्म यही केन्द्रीय समिति रहँदैन, अहिले संक्रमणकालीन अवस्था हो, त्यसैले बाध्यावस ठूलो बनेको हो । महाधिवेशनपछि यसको टुंगो लाग्छ । यही बीचमा अब राजनीतिक समिति पनि निर्माण हुन्छ । राजनीतिक समितिको बैठकबाट नै सबै कुरा टुंगो लाग्छ । केन्द्रीय समितिको बैठक वर्षमा कम्ती दुई पटक बस्छ । त्यसका लागि व्यवस्थापन पनि मिलाइन्छ ।

अहिले पनि कोरोनाको कहर कम भएको छैन, दिनप्रति दिन बढ्दै गएको छ । बैठक बस्नका लागि धेरै उपायहरु छन् । लामो केन्द्रीय समिति छ भनेर दुई तीन चरणमा पनि बैठक गर्न सकिन्छ अथवा डिजिटल बैठकहरु पनि गर्न सकिन्छ । अहिले प्रविधिको युग छ, विभिन्न माध्यमहरु आइरहेका छन् । अथवा एकै ठाउँमा पनि दूरी कायम गरेर पनि बैठक बस्न सकिन्छ ।

महाधिवेशनको बारेमा केन्द्रीय कार्यकारिणी समितिको बैठकमा छलफल हुनुपर्ने आवश्यकता नै थिएन । किनभने अहिले नै महाधिवेशन गरिहाल्नुपर्छ भन्ने बेला पनि होइन । अहिलेसम्म जसपा वडादेखि केन्द्रसम्म समायोजन नै पूरा भएको छैन । तलदेखि माथिसम्म समायोजन नभइकन महाअधिवेशनमा जान सकिदैन । त्यसकारणले पहिले समायोजन प्रक्रिया सम्पन्न हुनुपर्छ । समायोजनका लागि केन्द्रीय कार्यकारिणी समितिले कार्यदलहरु बनाएको छ । ती कार्यदलहरुले आआफ्नो काम मंसिर मसान्तसम्म पूरा गर्ने समयसीमा पनि तोकिएको छ । कार्यदलले आआफ्नो काम सम्पन्न गरिसकेपछि केन्द्रीय कार्यकारिणी समितिको बैठकबाट एउटा निर्णय हुन्छ ।

विगतमा तत्कालीन राजपा र समाजवादीले महाधिवेशन गर्न सकेको थिएन । महाधिवेशन दलको नियमित प्रक्रिया हो । पाँच वर्षभित्र दलको महाधिवेशन गर्नैपर्छ । विगतमा राजपाले एक वर्षभित्र समायोजन प्रक्रिया पूरा गरेर महाधिवेशन गर्ने उद्देश्य थियो । तर त्यहीं अवधिमा विभिन्न कारणहरुले गर्दा महाधिवेशनको प्रक्रिया पूरा हुन सकेन । राजपा गठन भयो तर भ्रातृ संगठनहरु महाधिवेशनबाट टुंगो लगाउने एउटा सहमति थियो । तर जसपामा त्यो अवस्था छैन । जसपाले एक वर्षभित्र समायोजन प्रक्रिया पूरा गर्ने हो, अर्को वर्षमा पार्टी सुदृढीकरण, संगठन निर्माण, पार्टी प्रवेश प्रक्रियालाई जोड दिने हो । त्यसपछि तेस्रो वर्षमा महाधिवेशनमा होमिने हो । यो प्रक्रियाबाट जसपा अगाडि बढ्छ ।

निश्चितरुपमा ६ महिनाभित्र समायोजन प्रक्रिया टुंगो लाग्छ । मंसिरसम्म जिल्लास्तरको टुंगो लाग्छ । त्यसपछि पालिका र वडास्तरसम्म समायोजन पूरा हुन्छ र भ्रातृ संगठन पनि टुंगो लगाउनुपर्छ । त्यसकारणले एक वर्षभित्र समायोजनका सम्पूर्ण प्रक्रिया टुंगो लाग्छ भन्ने लक्ष्य लिएको छ ।

केन्द्रीय कार्यकारिणी समितिले संसदीय दलको नेता टुंगो लगाउन सक्दैन, त्यो निर्णय गर्ने भनेको संसदीय दलले नै हो । अहिले दुवै दलको संसदीय दल छुट्टाछुट्टै छ । अब संसदीय दलको एकीकरण गर्नुपर्छ, त्यसका निम्ति छुट्टै संसदीय दलको विधान आवश्यक छ । त्यो विधान अब बन्छ । त्यो विधानको बारेमा कार्यदल बनाउने निर्णय भएको छ । विधान बनाइसकेपछि संसदीय दलको बैठक बस्छ र संसदीय दलले टुंगो लगाउँछ । संसदीय दलको नेता राजेन्द्र महतोलाई बनाउने सहमति भएको हो भन्ने कुरा सत्य हो । राजेन्द्र महतोजीले संसदीय दलको नेतृत्व गर्नुहुन्छ भन्ने कुरा आन्तरिक सहमति भएकै हो । त्यो सहमति वैधानिक तरिकाले कार्यान्वयन हुने हो ।

जुन आधारमा एकता गरिएको हो, यदि एकताको पक्षमा सबै जना उभ्ने हो भने संसदीय दलको नेता राजेन्द्र महतोलाई दिने अलिखित सहमति कार्यान्वयन गर्नैपर्छ । मलाई लाग्छ यो अलिखित सहमति कार्यान्वयन हुन्छ । किनभने सबै जना एकताकै पक्षमा छन् । सहमति कार्यान्वयन पनि हुनुपर्छ । त्यो सहमतिमा यदि जालझेल भयो भने एकताप्रति शंकाहरु उब्जाउँछन् ।

संघीय परिषद्को अध्यक्ष डा.बाबुराम भट्टराई हुनुभएको छ । बिना नम्बरको नेता डा.बाबुराम भट्टराई हुनुहुन्छ त्यसपछि एक नम्बर सुरु हुन्छ । उहाँलाई मर्यादाक्रमभन्दा बाहिर राखिएको हो । मर्यादाक्रम त महन्थ ठाकुरबाट नै सुरु भएको हो । एक नम्बरमा महन्थ ठाकुर, दोस्रो नम्बरमा उपेन्द्र यादव, तीन नम्बरमा अशोक राई र चार नम्बरमा राजेन्द्र महतो हुनुहुन्छ । डा.बाबुराम भट्टराईलाई सर्वमान्य नेताको रुपमा पनि भन्न सकिन्छ । तर, त्यो पद हामीले भनेका छैनौं । हामीले त संघीय परिषद्को अध्यक्ष भनेका छौं ।

भारत सरकारको गृह मन्त्रालयअन्तर्गत अनुसन्धान र गुप्तचर संस्था 'रअ'का प्रमुख हुन् सामन्त कुमार गोयल । रअले विश्वरभरि नै भारतको हितका विषयमा अनुसन्धान गर्ने उद्देश्य रहेको छ । त्यो उद्देश्यका साथ गोयलले प्रधानमन्त्री लगायत विभिन्न राजनीतिक व्यक्तित्वहरुसँग भेट गर्नुभएको होला । दुई देशबीचको सम्बन्धलाई थप सुदृढीकरण गर्ने विषयमा रअ प्रमुख गोयलले भेटघाट गर्नुभएको होला । हामीले बाहिरबाट हेर्दा विगत केही दिनदेखि दुई

*बाँकी तीन पृष्ठमा*


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# जनताको जीवन रक्षाका लागि प्रदेश सरकार प्रतिबद्ध छ : प्रदेश मन्त्री साह



**राजविराज**/प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले कोरोना उपचारमा केन्द्र सरकारले हात उठाएको दोषरोपन गर्दै जनताको जिवन रक्षाको मामिलामा प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाएका छन् ।

राजविराजमा सामाजिक विकास इकाई कार्यालय राजविराजको शुभारम्भ गर्दै उनले सो प्रतिबद्धता जनाएका हुन् ।

कोरोना संक्रमणका कारण जनता तडपिरहेका बेलामा केन्द्र सरकारले हात झिकेको तर्फ संकेत गर्दै उनले प्रदेश सरकारले क्षमताले भ्याएसम्म त्यस्ता समस्यामा परेका जनताको जिवन रक्षामा लागिरहेको प्रष्ट पारे ।

उनले प्रदेश २ का चार जिल्लामा पिसिआर मेशिन जडान हुने जानकारी दिदै राजविराजमा थप एउटा पिसिआर मेशिनको व्यवस्था गरिन लागिएको बताए ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवको अध्यक्षतामा आयोजित कार्यालय उद्घाटन समारोहलाई संघीय सांसद ताराकान्त चौधरी, प्रदेश सभासदस्य मनिष सुमन, नेत्रविक्रम साह, गिता यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु यादव, कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र, जसपाका केन्द्रिय सदस्य अमरनाथ मण्डलले पनि सम्बोधन गर्दै सिरहा र सप्तरीका जनतालाई लक्षित गरि स्थापना गरिएको कार्यालयले यस क्षेत्रका जनतामा स्वास्थ्य सेवा सरल र सहज ढंगले प्रवाह हुने विश्वास व्यक्त गरेका थिए ।

## *संसदीय दलको ...*

देशबीचको सम्बन्धमा रहेको तिक्ततालाई मेटाउने प्रयासलाई यो भ्रमणलाई लिन सक्छौं ।

यो त त्यो संस्थाको उद्देश्य नै हो । संसारमै भारतलाई कसरी सुरक्षित राख्ने, भारतको हितमा कसरी काम गर्ने, भारतको अहित हुने काम कहीं कतैबाट हुन नदिने रअको उद्देश्य नै हो ।

यस विषयमा धेरै टीकाटिप्पणी गर्नुभन्दा पनि हामीले सामान्य रुपमा बुझ्नुपर्छ कि नेपालमा कुनै राजनीतिक घटना हुँदा त्यसमा भारतको हात छ भन्ने एक खालको मानसिकता छ । यो एउटा पुरानो रोग हो । त्यसमा पनि रअको प्रमुख नै नेपाल आएर प्रधानमन्त्रीलाई भेट्दा अलि बढी नै हल्लीखल्ली हुनु स्वाभाविक नै हो ।

उहाँहरुको भेटघाटमा के कस्तो कुराकानी भएको हो भन्ने कुरा अहिलेसम्म सार्वजनिक भएको छैन । त्यसकारणले दुई देशबीचको सम्बन्ध सुधारका विषयमा के-के कुराकानी भयो भन्ने कुरा भन्न सकिन्न । तर, सम्बन्धमा जुन तिक्तता आएको थियो, त्यसमा पक्कै पनि सुधार भएको हुनुपर्छ ।

*(मधेश दर्पण फिचर सेवा)*

# हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

## तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



# दुई स्थानमा आगलागि आधा दर्जन पसल र घर जलेर नष्ट

**राजविराज**/सप्तरीको दुई स्थानमा आगलागि हुँदा आधा दर्जन पसल र घर जलेर नष्ट भएको छ ।

जिल्लाको बिष्णुपुर गाउँपालिका ७ स्थित नहर चौकमा रहेको ४ वटा पसल जलेर नष्ट भएका छन् । शनिबार भएको आगलागीबाट ११ लाख बराबरको क्षति भएको प्रहरीको भनाई छ ।

बिद्युत सर्टभई स्थानीय सशिलाल साह र ननुलाल साहको साईकल पसल तथा हरिशचन्द्र साहको २ वटा मिठाई पसल पुर्ण रुपमा जलेर नष्ट भई करिब ११ लाख बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले बताए । आगोले मिठाई पसलमा रहेको ३ वटा ग्यास सिलिन्डर समेत पडकिदाँ फैलिएर अन्य पसल पनि छोटो समयमै जलेको स्थानीयबासीहरुले बताएका छन् ।

राजविराज नगरपालिकाको बारणयन्त्र, प्रहरी र स्थानीयको सहयोगमा १ घण्टामा आगो नियन्त्रणमा लिइएको थियो ।

यस्तै शनिवारै राती १ बजेतिर रुपनी गाउँपालिका २ स्थित पिपराही टोलमा आगलागी हुदाँ २ घर जलेर नष्ट हुनुको साथै ३ वटा पशुचौपाया जलेर मरेका छन् । घरमा बालिएको दियोबाट सल्केको आगोले राजदेव मंडल र इन्द्रदेव मंडलको घरगोठ जलेका छन् ।

आगलागीबाट मंडलको गोठमा रहेको २ वटा गाई र एउटा बाखा समेत जलेर मरेका छन् । उक्त आगलागी घटनामा झण्डै ४ लाख बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

# अटोरिक्सामा भन्सार छलेर ल्याउँदै गरेको सामान बरामद



**राजविराज**/सप्तरीको हनुमाननगर नगरपालिकाको वडा नं. १४ स्थित हनुमाननगर-कुनौली सडक खण्डमा बुधबार भारतबाट भन्सार छलेर ल्याउँदै गरेको सामानहरु अटोरिक्साबाट बरामद गरिएको छ ।

प्रहरीले चेकजाँचको क्रममा भारतबाट भन्सार छलेर प्रदेश नं. १-०४-०००१ ह. ००७३ नम्बरको अटोरिक्सामा लुकाई छिपाई ल्याउँदै गरेको ३ लाख ८ हजार मुल्य बराबरको बाला र चुरा सेट बरामद गरेको जनाएको छ ।

सो क्रममा अटो रिक्सा चालक सोही नगरपालिका निवासी २० वर्षिय सेवाज खंग र समानधनी महोत्तरीको गौशाला नगरपालिका २ निवासी ३६ वर्षिय सन्तोष कुमार साह पक्राउ परेका छन् ।

यसरी बरामद गरिएको तस्कारीका सामान भन्सार कार्यालय चलान गरि पक्राउ परेका व्यक्ति उपर आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जिल्लान प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# हिन्दु राष्ट्र घोषणाका लागि जनजागरण अभियान चलाईने

**राजविराज**/राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रिय सदस्य महामाया प्रसाद सिंहले हिन्दु राष्ट्र घोषणाका लागि दबाब दिन जनजागरण अभियान चलाईने तयारी भइरहेको बताएका छन् ।

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ३ हरिहरपुरमा बुधबार आयोजित एक कार्यक्रमबीच सिंहलाई दोसल्ला तथा कदरपत्रबाट सम्मान गर्दै उनले सो कुरा बताएका हुन् ।

हिन्दु धर्ममाथी अहिले सत्तासिन दलबाटै विभेद भइरहेको दोषारोपन गर्दै उनले संरक्षण र सम्बर्द्धनका लागि सबै हिन्दु धर्मावलम्बी एकजुट भई अघि बढ्नु पर्नेमा जोड समेत दिए ।

संविधानमा धर्म निरपेक्ष राखेर हिन्दु राष्ट्रको चाहना राख्ने आम नागरिकको भावनामाथी प्रहार भएको भन्दै उनले केन्द्रिय नेता पशुपति सम्शेर जबराको अगुवाईमा छिटै देशै भर आन्दोलनको तयारी भइरहेको जानकारी दिए ।

संस्थाका अध्यक्ष फेकु प्रसाद चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा सो गाउँपालिका भित्रका सेवा निबृत एक दर्जन पूर्व राष्ट्र सेवक कर्मचारीलाई पनि सम्मान गरिएको थियो ।

समाज कल्याण कृषि सहकारी संस्था लि. द्वारा आयोजित कार्यक्रममा प्रमुखअतिथि अग्निसाई कृष्णासवरण गाउँपालिकाका अध्यक्ष परशुराम चौधरीले दोसल्ला तथा कदरपत्रबाट सिंहलाई सम्मानित गरेका हुन् ।

कृषि हाट बजारको स्थापना र विकास तथा सामुदायिक स्वास्थ्य इकाईको स्थापनमा विशेष योगदान पुर्‍याए वापत समाजसेवी एंव राजनीतिककर्मी सिंह सम्मानित भएका हुन् ।

# डुंगामा ल्याउँदै गरेको समान बरामद

**राजविराज**/भारतबाट डुंगामा लोड गरि लुकाइछिपाई ल्याउँदै गरेको ८ लाख ९३ हजार मुल्य बराबरको सरसामान प्रहरीले बरामद गरेको छ ।

हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ स्थित सप्तकोशी नदी हुँदै भारतबाट अबैध रुपमा डुंगामा लोड गरि ल्याउँदै गरेको सो परिमाणको बाला र चुरा सेट, खम्बा फुल र सप्तरंगी कागज लगायतका सामाग्रि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

केही दिनयता डुंगाको प्रयोग तस्कारीमा हुन थालेको खबर आएपछि सादा पोशाकमा सुरक्षाकर्मी समेत निगरानीका लागि परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

दुई महिनाको अवधीमा डुंगाबाट तस्करी गरि ओसार पोसार गर्न लागिएका १९ लाख भन्दा बढीका सरसामान जफत गरि भन्सार कार्यालयलाई बुझाइएको उनको भनाई छ ।

# लोक आधुनिक गितको बिमोचन



**राजविराज**/राबिराजमा आयोजित एक कार्यक्रमबिच गायक तथा रचनाकार कल्पना नेपाल आचार्यको मानवअधिकार लोक आधुनिक गितको बिमोचन गरिएको छ ।

नेपाल पत्रकार महासँघका उपाध्यक्ष श्यामसुन्दर यादबले बुधबार सो गितको बिमोचन गरेका हुन् ।

सो अवसरमा रचनाकार कल्पना नेपालले मधेशमा सन्देश दिने किसिम छायाङ्कन गरेको लोक गितले खवरदारी गरेर राज्यलाई सहि दिशा देखाउन र सन्देश पुर्‍याउन सहयोग पुग्ने बिश्वास लिएको बताइन् ।

सप्तरी युथका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा आयोजित कार्यक्रममा बरिष्ठ पत्रकार शिवहरी भटराई, बैधनाथ झा, धिरेन्द्र प्रसाद साह, लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

उक्त लोक गितको छायांकन गर्नका लागि स्थानिय कलाकारहरूले सहयोग गरेका थिए भने गितको छायांकन सप्तरीको छपकी भथौलमा गरिएको सप्तरी युथका बिष्णु कुमार यादबले जानकारी दिए ।

### *उदाउँदो ...*

सङ्कल्प गरिन्छ, जो यसको महत्वपूर्ण पक्ष हो । अस्ताउने र उदाउने दुइटै सूर्यलाई अभिनन्दन गर्नुको अर्थ जीवनमा सुख, दुःख, रोदन र हाँसोलाई समानरूपमा र जीवनकै पाटोको रूपमा लिइनु हो । सूर्यको आराधनाबाट चर्मरोग निको हुनुका साथै सन्तान र धन प्राप्ति हुने जनविश्वास छ ।

कोरोना सङ्क्रमणको त्रास भए पनि छठका अवसरमा विभिन्न जलाशय तथा कतिपयले आफ्नै घरमा कृतिम पोखरी निर्माण गरि सूर्यलाई अर्घ दिएका थिए ।

### *चन्द्र नहरको ...*

जग्गा निरिक्षण गरी आवश्यक प्रक्रिया थालेको बताए ।

सो अवसरमा महदेवा गाउपालिका अध्यक्ष दिपक कुमार यादबले चन्द्र नहरको ममर्त सम्भार हुन नसक्दाँ यस क्षेत्रमा सिचाईका कारण किसानहरू समस्या परेकोले नहर मर्मतका लागि सक्दो सहयोग गर्ने बताए ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# रकम र उपचारको अभावमा कसैको ज्यान जाने छैन् : सामाजिक विकास मन्त्री साह



**राजविराज**/प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले रकम र उपचारको अभावमा कसैले पनि ज्यान गुमाउन नपर्ने गरि प्रदेश सरकार अघि बढेको बताएका छन् ।

सप्तरीको भारदहमा निर्माण हुने गइरहेको ५० शैयाको सुविधा सम्पन्न अस्पतालको बुधबार शिलान्यास गर्दै उनले सो कुरा बताएका हुन् ।

अस्पताल निर्माण र बिस्तारले सानोतिनो रोगको उपचारका लागि पनि बिरामीलाई महगो खर्च तिरि बाहिर जानु पर्ने बाध्यता अबको एकवर्ष भित्रै हट्ने उनले बताए ।

सोही क्रममा मन्त्री साहले स्वास्थ्यकर्मीहरुलाई उच्च मनोवलका साथ काम गर्न आग्रह गर्दै स्वास्थ्य क्षेत्रलाई समेत प्रदेश २ सरकारले उच्च प्राथमिकतामा राखेको जिकिर गरे ।

२ करोडको लागतमा पुरानो अस्पताल भवनमा ५० शैयाको सेवा बिस्तार सँगै इमरजेन्सी, बहिरंग तथा प्रयोगशाला भवन बन्ने छ । उक्त भवन निर्माण कार्य एक वर्षभित्रै सम्पन्न गरिसक्ने गरि ठेक्का पाएको धन्दा कन्स्ट्रक्सनले बुधबारैदेखी निर्माण कार्य अघि बढाएको छ ।

शिलान्यास कार्यक्रममा कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र, हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेश साह, तिरहुत गाउँपालिकाका प्रमुख हेमन्त बह्नखेरले पनि बोल्दै ५० शैयाको सुविधायुक्त अस्पताल निर्माण हुनु सुखद भएको बताउँदै अब यस क्षेत्रका जनता सरल सहज र स्तरिय स्वास्थ्य सेवा आफ्नै गामठाममा पाउने विश्वास व्यक्त गरे ।

# चित्रगुप्तको कलम ८५ हजारमा बिक्रि

**राजविराज**/राजविराजस्थित चित्रगुप्त मन्दिरमा कायस्थ समुदायले हरेक वर्ष मनाउँदै आएको चित्रगुप्ता पूजाको अवसरमा यस पटक पनि चित्रगुप्त भगवानको हातमा राखिएको कलम बिक्रि भएको छ ।

यसपटक ८५ हजार ५ सय ५५ रुँपैयामा सो कलम बिक्रि भएको हो । डाक बढावढ लिलामी प्रक्रियाद्वारा बिक्रि गरिएको सो कलम यस पटक राजविराज ८ की रश्मि दत्तले खरीद गरेकी हुन् ।



भाइटिकाको दिन आयोजित एक कार्यक्रममा सर्वाधिक रकमको बोली लगाई दत्तले भगवान चित्रगुप्तद्वारा पुजित कलम हात पारिन । कलमजिविका रुपमा स्थापित कायस्थ समुदायले विगत ४० वर्षदेखी आफ्ना वंश पिता भगवान चित्रगुप्तको जन्म दिनको अवसर पारेर यसरी कलम पूजा गरि डाकबढावढ लिलामी प्रक्रियाद्वारा कलम बिक्रि गर्दै आएका छन् ।

यसरी बिक्रि गरिएको कलम वापत प्राप्त हुने रकम मन्दिरको विकास, व्यबस्थापन र सो समुदायका जेहन्दार विद्यार्थीहरुको छात्रबृतीमा खर्चिने गरिएको चित्रगुप्त सेवा समिति सप्तरीका अध्यक्ष अशोक कुमार कर्णको भनाई छ ।

मन्दिर परिसरमा आयोजित सो कार्यक्रममा यसपल्ट उक्त समुदायका १३ जना जेहन्दार छात्रछात्राहरुलाई जनही २/२ हजारका दरले छात्रबृति रकम समेत प्रदान गरिएको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## अन्तर्राष्ट्रिय समाचार

# राष्ट्रसंघका महासचिवद्धारा जी-२० का नेतालाई एकताबद्ध हुन आग्रह

**ब्रासिलिया**/संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले विश्वका जी-२० का नेतालाई एकताबद्ध भएर काम गर्न आग्रह गर्नुभएको छ ।

उहाँले विश्वमा हाल देखापरिरहेका विभिन्न खालका समस्याको समाधानका लागि एकताबद्ध हुन र आपसी सहयोगका साथ अघि बढ्न सो आग्रह गर्नुभएको हो ।

जी-२० को यसै हप्ताको अन्त्यमा अनलाइन बैठक हुन लागेको छ । सो बैठकको अघि उहाँले विश्वका नेतालाई यो आग्रह गर्नुभएको बताइएको छ ।

विश्वमा अहिले विशेष गरेर कोभिड-१९ को सङ्क्रमण देखापरिरहेको छ र यस्तो अवस्थामा विश्वमा आर्थिक मन्दीको अवस्था पनि देखिएको छ भन्दै उहाँले यस्ता र अरु पनि समस्या रहेको बताउनुभयो ।

त्यसैले यी समस्याको समाधान गर्नका लागि विश्वका नेताले एक भएर काम गर्नुपर्ने र भन्दै उहाँले शुक्रबार सो कुरामा जोड दिनुभएको थियो ।

शुक्रबार संयुक्त राष्ट्रसंघको मुख्यालय न्युयोर्कमा सम्वाददातासँग कुरा गर्दै उहाँले उक्त कुरा बताउनुभएको हो ।

उहाँले सो पत्रकार सम्मेलनमा भन्नुभएको थियो, विश्वका जी २० का नेताहरुको यसै हप्ताको अन्त्यमा अनलाइन बैठक हुँदैछ, त्यसमा मेरो पनि सहभागिता हुनेछ, तर मेरो सन्देश निकै साधारण छ र त्यो सन्देश हो कि विश्वमा अहिले देखापरेका विभिन्न खालका समस्याको समाधानका लागि हामीले एकताबद्ध भएर लाग्नुपर्दछ ।

उहाँले कोभिड-१९ को समस्याले निरन्तररुपमा सपशपवका कैयौं देशलाई समस्यामा पारिरहेकोले यस महामारीबाट बाहिर निस्किन र आर्थिक र अरु पनि समस्याको समाधान गर्न जी-२० का नेता पनि लाग्नुपर्ने बताउनुभयो । एजेन्सी

# अमेरिकी राष्ट्रपति ट्रम्पमा जेठा छोरा पनि सङ्क्रमित

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका जेठा छोरा पनि कोरोनाभाइरसबाट सङ्क्रमित हुनुभएको छ ।

उहाँका व्यक्तिगत प्रवक्ताले जेष्ठ पुत्र डोनाल्ड ट्रम्प जुनियरलाई कोरोना सङ्क्रमण भएको शुक्रबार पुष्टि गरेका हुन् ।

“कोरोनाभाइरसबाट सङ्क्रमित भएको पुष्टि भएपछि उहाँले स्वास्थ्यकर्मीको सिफारिसअनुसारका सबै मापदण्ड तथा नियमको पालना गर्नुभएको छ,” ती प्रवक्ताले भनेका छन्।

सङ्क्रमित पुष्टि भएसँगै उहाँ क्यारेन्टाइनमै रहनु भएको पनि प्रवक्ताले जानकारी दिएका छन् ।

यसअघि राष्ट्रपति ट्रम्प पनि निर्वाचनको पुर्वसन्ध्यामा कोरोनाभाइरसबाट सङ्क्रमित हुनुभएको थियो ।

त्यसैगरी ट्रम्पपत्नी तथा प्रथम महिला मेलानिया ट्रम्प, सानो छोरो बोर्न, मुख्य कर्मचारी मार्क मेडोस र अरु केही सदस्यसमेत केही समय अगाडि कोरोनाभाइरसबाट सङ्क्रमित हुनुभएको थियो ।

अहिले ट्रम्प जुनियरकी केटी साथी किमबेर्ली गुइल्फोयले पनि सङ्क्रमित हुनुभएको अधिकारीले जानकारी दिएका छन् ।

ट्रम्प जुनियर हालै २५० भन्दाबढी अतिथि सहभागी भएको भोजमा सहभागी हुनुभएको थियो । राष्ट्रपति कार्यालय ह्वाइट हाउस मै आयोजना गरिएको सो रात्री भोजमा सहभागी लगभग सबैले मास्क लगाएका थिएनन् । एजेन्सी

# दिल्लीमा मात्रै एकैदिनमा ११८ जनाको मृत्यु

**नयाँदिल्ली**/भारतको केन्द्रिय राजधानी रहेको दिल्लीमा मात्रै कोरोनाभाइरसबाट एकैदिनमा कम्तीमा ११८ जनाको मृत्यु भएको छ ।

दिल्ली प्रदेश सरकारले प्रकाशित गरेको स्वास्थ्य बुलेटिनमा दिल्लीमा मात्रै कुल आठ हजार १५९ जनाको मृत्यु भएको उल्लेख गरिएको छ ।

सरकारी अधिकारीले शुक्रबार दिएको जानकारीअनुसार दिल्लीमा कोरोनाका कारण अहिलेसम्म सङ्क्रमित भएकाको कुल संख्या पाँच लाख १७ लाख २३८ पुगेको छ ।

पछिल्लो २४ घण्टामा कुल सङ्क्रमितको संख्या भने छ हजार ६०८ रहेको अधिकारीले जानकारी दिएका छन् ।

कुल सङ्क्रमितमध्ये अहिलेसम्म चार लाख ६८ हजार १४३ जना सङ्क्रमणमुक्त भएका छन् । तीमध्ये पछिल्लो २४ घण्टामा आठ हजार ७७५ जना सङ्क्रमणमुक्त भएका हुन् ।

भारतको केन्द्रीय राजधानीमा अहिले पनि ४० हजार ९३६ जना सङ्क्रमित अवस्थामै रहेका छन् ।

दिल्ली स्वास्थ्य विभागले पछिल्लो २४ घण्टामा ६२ हजार ४२५ जनाको कोरोना परिक्षण गरिएको पनि जानकारी दिएको छ ।

भारतको दिल्लीमा केही समययता कोरोनाभाइरसको सङ्क्रमण न्यून देखिएपनि अहिले पछिल्लो समयमा फेरी बृद्धि भएको छ ।

तीव्ररुपमा फैलिएको कोरोनाभाइरसको महामारी नियन्त्रणका लागि घर घरमा सर्वेक्षण तथा परीक्षण गर्ने क्रमलाई पनि तीव्रता दिएको अधिकारीले बताएका छन् ।

त्यसैगरी सार्वजनिकस्थलमा रहेका बेला मास्क नलगाउनेलाई दुई हजार जरिवाना तिराउने निर्णय पनि प्रदेश सरकारले गरेको छ । यसअघि रु ५०० मात्रै रहेको जरिवानालाई एकाएक बृद्धि गरेर दुई हजार बनाइएको हो ।

त्यस बाहेक अन्य पनि धेरै प्रयास भइरहेको मुख्यमन्त्री अरविन्द केजरीवालले जानकारी दिनुभएको छ । एजेन्सी

# उपलब्धी गुम्ने खतरा बढ्यो : उपेन्द्र यादव



**राजविराज**/ जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले वर्तमान सरकारको यस्तै अवस्था रहरिहने भने पाएको उपलब्धी पनि गुम्ने खतरा बढेर जाने बताएका छन् ।

राजविराजमा बुधबार जनता समाजवादी पार्टी नेपाल निकटका समाजवादी यूवा संघ र राष्ट्रिय यूवा संघद्वारा संयुक्त रुपमा आयोजित छठ तथा समाचकेवा पर्वको शुभकामना आदान प्रदान तथा यूवा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै उनले सरकारबाट जनताको बलिदानीले ल्याएको उपलब्धी सुरक्षित रहन नसक्ने जिकिर गर्दै अब परिवर्तनकारी शक्ति चनाखो रहेको बताए ।

जनताको बलिदानीबाट प्राप्त उपलब्धीलाई वर्तमान सरकारले जगेर्ना गर्न नसकेको भन्दै त्यसका बिरुद्ध खबरदारी गर्ने समय आइसकेको उनले उल्लेख गरे । उनले परिवर्तनलाई संस्थागत गर्न यूवा शक्ति अघि आउन आवश्यक रहेको समेत जनाए ।

शिक्षा, स्वास्थ्य र रोजगारीलगायतका सबै क्षेत्र लथालिङ बन्दा पनि सरकार र सत्तारुढ पार्टी मुकदर्शक भएर गुटबन्दी तथा भागबण्डामा लटपटिएको उनको आरोप थियो ।

समाजवादी यूवा संघका जिल्ला अध्यक्ष शिवशंकर यादवको अध्यक्षतामा आयोजित कार्यक्रमलाई प्रदेश २ का सामाजिक विकास मन्त्री नवलशिकोर साह, संघीय सांसद रेणु यादव, राष्ट्रिय सभाका सदस्यद्वय मृगेन्द्र कुमार सिंह यादव, शेखर सिंह, प्रदेश सभा सदस्य अभिशेख यादव, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु यादव लगायत एक दर्जन बढी नेताहरुले पनि सम्बोधन गरेका थिए ।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि सयौंको संख्यामा जनता समाजवादी पार्टीमा प्रवेश गरेकाहरुलाई अध्यक्ष यादवसहित केन्द्रिय नेताहरुले फुलमाला र अबिर लगाई स्वागत गरेका थिए ।

# कैदीबन्दीलाई स्वास्थ्य सामाग्रि प्रदान



**राजविराज**/राजविराज कारागारका बैदीबन्दीलाई कोरोना जोखिमबाट जोगिन अपनाउनु पर्ने आवश्यक सुरक्षा सर्तकताबारे सचेतनासहित आवश्यक स्वास्थ्य समाग्री प्रदान गरिएको छ ।

प्रदेश २ का समाजिक विकास मन्त्री नवलकिशोर साहले राजविजराज कारागारका कैदीबन्दीलाई सो स्वास्थ्य सामाग्रि प्रदान गरेका हुन् ।

मन्त्री साहले कैदी बन्दीहरूको लागी ७ सय २० पिस साबुन, एक हजार मास्क तथा ३ सय ६७ प्याकेट मिठाई तथा दुई थान क्यारम बोर्ड, लुडो २ थान, छठ पर्व गर्ने महिलालाई नगद ५ हजार सहित तीन वटा साडी र ५ थान कम्बल समेत प्रदान गरे ।

कारागारका कैदीबन्दीसँग जानकारी लिदै मन्त्री साहले कारागारको निरिक्षण तथा अवलोकन पनि गरे । सो क्रममा कैदी बन्दीहरू बस्दै आएको जिर्ण भवन निर्माण, कारागारको घेरवेरको लागि पर्खाल तथा शौचालय निर्माणका लागि पहल गर्ने उनले प्रतिबद्धता जनाए ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्य, प्रहरी उपरिक्षक राजेन्द्र प्रसाद धमला, मानवअधिकारकर्मी कल्पना नेपाल आचार्य, राजबिराज कारागारका निमित्त जेलर संजय कुमार राम, खरिदार संजिव कुमार देव, नेपाल पत्रकार महासँघ सप्तरी सहसचिव चन्दनकुमार यादव, जसपाका युवा नेता बिनोद यादब लगायतको उपस्थिति रहेको थियो ।


## भावपूर्ण श्रद्धाञ्जली



**स्व. रामअवतार यादव**

राजविराज नगरपालिका वडा नं. १ का निवासी **रामअवतार यादव**को २०७७ साल मंसिर ५ गते अल्पआयुमै निधन भएको हुँदा हामी स्तब्ध भएका छौं । दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

शम्भुनन्द चौधरी
श्रवणकुमार देव
नवीनकुमार गुप्ता
मिथिलेश कुमार यादव
गोपाल प्रसाद गुप्ता
परिष कर्ण
चन्दन कुमार यादव
संजय शेखर



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*